**मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिका निर्णयहरू—**

**मिति २०७२।४।२५**

१. "सुरक्षित वैदेशिक रोजगारका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७२" स्वीकृत गर्ने।

२. "वाणिज्य नीति, २०७२" स्वीकृत गर्ने ।

३. सुर्खेत जिल्ला, साविक कोटमाझखर्क गाउँ विकास समितको हाल भेरीगंगा नगरपालिका र मेहलकुना, सहारे एवं धारापानी गाउँ विकास समिति अन्तरगतको जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७२ स्वीकृत गर्ने ।

४. "रूपन्देही जिल्ला हाल बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका अन्तरगत बहाल विटौरी, कोदाले र आँकडा लगत बमोजिम बसोबास गरेका व्यक्ति वा परिवारको नाममा जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७२" स्वीकृत गर्ने ।

५. तनहुँ जिल्ला, साविक दुलेगौडा, खैरेनीटार र ढोरफिर्दि गाउँ विकास समितिको हाल शुक्ल गण्डकी नगरपालिका अन्तरगत बसोबास गरेका अव्यवस्थित वसोवासीहरूको नाममा जग्गा दर्ता सम्वन्धी समिति गठन आदेश, २०७२ स्वीकृत गर्ने ।

६. कास्की जिल्लामा, साविक भगतीटारमा गएको बाढी पहिरोबाट विस्थापित भइ छिनेडाँडामा बसोबास गराइएका परिवारहरूको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी समिति गठन आदेश, २०७२ स्वीकृत गर्ने ।

७. राहदानी उत्पादन तथा वितरणको निरन्तरताको लागि अन्तरिम व्यवस्था गर्ने ।

**मिति २०७२।५।१**

१. नेपाल सरकार र केयर्न इनर्जी, पि.एल.सी., यू.के.का सहायक कम्पनीहरूबीच पेट्रोलियम सम्झौता सम्बन्धित दायित्वका सन्दर्भमा उत्पन्न विवाद वार्ताका माध्यमबाट समाधानका लागि अधिकार सम्पन्न प्रतिनिधि मण्डलले गरेको सहमतिय सम्झौता अनुमोदन गर्ने।

२. "दिगो विकासका लागि प्रकृति संरक्षणको राष्ट्रिय रणनीतिक प्रारूप, २०७२-२०८७" स्वीकृत गर्ने ।

**मिति २०७२।५।२३**

१. "प्रयोगशाला जोखिम भत्ता व्यवस्थापन कार्यविधि, २०७२" स्वीकृत गर्ने ।

२. भ्रमण खर्च (चौथो संशोधन) नियमावली, २०७२ स्वीकृत गर्ने ।

**मिति २०७२।५।२८**

१. लुम्बिनी विश्व शान्ति नग्रामको गुरूयोजना सहितको प्रतिवेदन कार्यान्वयन गर्न सैद्धान्तिक सहमति दिने ।

२. जिल्ला निर्वाचन कार्यालय, मोरङको कार्यालय भवन निर्माणको भेरिएसन आदेश स्वीकृत गर्ने ।

३. फलामे छडको गुणस्तर तोक्ने ।

**मिति २०७२।५।२९**

१. "सूचना तथा सञ्चार प्रविधि नीति, २०७२" स्वीकृत गर्ने ।

**मिति २०७२।६।५**

१. भूकम्प पीडितहरूका लागि घर निर्माण सम्बन्धी सैद्धान्तिक स्वीकृति दिने ।

२. नेपाल मेटल कम्पनी लिमिटेडमा थप लगानीका लागि सैद्धान्तिक सहमति दिने ।

३. "शुरूवाती कोष (सञ्चालन) निर्देशिका, २०७२" स्वीकृत गर्ने ।

**मिति २०७२।६।१३**

१. "जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२" स्वीकृत गर्ने ।

२. "बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२" स्वीकृत गर्ने ।

**मिति २०७२।८।२५**

३. "भूकम्पबाट पूर्णरूपमा क्षति भएका आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७२" स्वीकृत गर्ने ।

**मिति २०७२।१०।३**

१. "गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम पाँच वर्षे (पहिलो संशोधन) रणनीतिक योजना, २०७२" स्वीकृत गर्ने ।

**मिति २०७२।१०।३**

१. BOOT प्रणालीमा एयरपोर्ट होटल निमार्णका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको जग्गा लिजमा दिने ।

२. "जनसहभागितामा आधारित सौर्य सडक बत्ती सञ्चालन कार्यविधि, २०७२" स्वीकृत गर्ने।

**मिति २०७२।११।१९**

३. कावेली ए जलविद्युत आयोजना (३७.६ मे.वा.) को लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न र रूखबिरूवाहरू हटाउन स्वीकृति दिने ।

द्रष्टव्य — निर्णयसँग सम्बन्धित अन्य थप विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ।